दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



## राम्रो घडेरी बिक्रीमा

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर: ९८०१८२७९५०



वर्ष ३८ | अंक १२२ | बुटवल | २०८३ बैशाख १९ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday May 02, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## रूपन्देहीका सुकुम्वासी र अव्यवस्थित बसोवासीद्वारा संघर्ष समिति गठन



बुटवल। सरकारले सार्वजनिक जग्गा खाली गराउने अभियान तीव्र बनाउन थालेपछि रूपन्देहीका भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासी संगठित भएका छन्।

राजधानी काठमाडौंबाट सुकुम्वासी बस्ती खाली गराउन थालेको सरकारले देशभरका जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरी सार्वजनिक जग्गा संरक्षण गर्न निर्देशन दिएपछि उनीहरू संगठित भएका हुन्।

नेपाल भूमिहीन, सुकुम्वासी, अव्यवस्थित संघर्ष समिति रूपन्देहीको नाममा संगठित भएका उनीहरूले खड्कबहादुर पौडेलको अध्यक्षतामा २३ सदस्यीय संघर्ष समिति गठन गरेका छन्।

संघर्ष समितिले बुटवलमा पत्रकार सम्मेलन गरी संघर्ष समितिको घोषणा गरेका हुन्। संघर्ष समितिले स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारलाई ज्ञापनपत्र बुझाउनुका साथै माग पूरा नभए ससक्त आन्दोलनमा उत्रिने चेतावनी दिएका छन्।

समितिका संयोजक पौडेलले अन्यत्रको भन्दा रूपन्देहीका भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी समस्या फरक भएको भन्दै उनीहरूले यसअघिका सरकारहरूसँग भएका सहमति र सम्झौता वर्तमान सरकारले उल्ट्याउन नमिल्ने तर्क गरे। पहिला व्यवस्थापन गरेर मात्रै बस्ती हटाउनुपर्ने उनीहरूको माग छ।

संघर्ष समितिका अगुवा नरेन्द्र दर्जीले बिना विकल्प आफूहरूलाई हटाउन थाले सशक्त आन्दोलनमा उत्रिने चेतावनी दिए।

आफूहरूको बसोबास हटाइए जस्तोसुकै संघर्षमा उत्रिन बाध्य हुने उनको चेतावनी छ।

## यूएईमाथि नेपालको संघर्षपूर्ण जित




बुटवल। यूएईमाथि नेपालले संघर्षपूर्ण जित निकालेको छ।

आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत घरेलु सिरिजमा नेपालले यूएईमाथि ६ रनको संघर्षपूर्ण जित निकालेको छ। वर्षाका कारण डीएल मेथर्डअनुसार ३८ ओभरमा २५५ रनको लक्ष्य पाएको यूएईले ८ विकेट गुमाएर २४८ रन मात्र बनाउन सक्यो।

यूएईका लागि मोहम्मद शाहदादले सर्वाधिक ६५ रन बनाएपछि जितका लागि पर्याप्त हुन सकेन। शाहदादले हर्षित सिंहसँग तेस्रो विकेटका लागि ८० रनको साझेदारी गरेका थिए। सिंहले ४१ रन बनाए।

आर्यशं शर्मा ३३, अदीब उसमानी १४, मोहम्मद जुहैब १ र कप्तान मोहम्मद वासिम ० रनमा आउट भए। खैजइमा विन तन्विरले २६ बलमा ४९ रन बनाउँदा अक्षदीप नाथ ३२ बलमा २६ रनमा अविजित रहे।

बलिङमा नेपालका सन्दीप लाछिमानेले ३, सोमपाल कामी र नन्दन यादवले दुईदुई विकेट लिए।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ थालेको नेपालले निर्धारित ५० ओभरमा ७ विकेट गमुाएर २८९ रन बनाएको थियो। नेपालका लागि उपकप्तान दीपेन्द्रसिंह ऐरीले शतक प्रहार गरे।

दीपेन्द्रले ९४ बलमा सय रन बनाए। उनले १३ चौका र एक छक्का प्रहार गरे। करिब ४ वर्षपछि राष्ट्रिय टोलीमा कमब्याक गरेका विनोद भण्डारीले पहिलो खेलमै अर्धशतक बनाए। उनले ७९ बलमा ५६ रनको योगदान दिए।

गुल्सन झा ४४, ओपनर अर्जुन कुमाल ११, कप्तान रोहित पौडेल ३९, भीम सार्की ०, आरिफ शेख ११ रनमा आउट भए। सोमपाल कार्मी ० रनमा अविजित रहे।

बलिङमा युएईका अजय कुमार र जुनैद सिद्दिकीले समान २ तथा हैदर अली र खैजइमा विन तन्विरले एकएक विकेट लिए। अब नेपालले आफ्नो चौथो खेलमा मंगलबार ओमानसँग खेल्नेछ।

## रोल्पा दुर्घटनाका मृतक बीस जनाकै सनाखत

रोल्पा। बिहीबार रोल्पामा जीप दुर्घटनामा ज्यान गुमाएकाहरूको पहिचान खुलेको छ। जिल्ला प्रहरी कार्यालय रोल्पाका डीएसपी वीरन्द्रकुमार विश्वकर्माका अनुसार ज्यान गुमाएका २० जनाकै सनाखत भएको हो।

बिहीबार रोल्पाको जलजलामा बैशाख पूर्णिमाका अवसर लाग्ने मेलामा सहभागी हुन गएकाहरू चढेको लु १ ज ४१६७ नम्बरको बोलेरो जीप दुर्घटनामा परेको थियो। ज्यान गुमाउनेहरू सिस्ने गाउँपालिका वडा नम्बर ५ टाकुरा गाउँका, घोराही उप-महानगरपालिका- १५, रतनपुर, दाङका र भूमे गाउँपालिका रुकुमपूर्वका छन्।

दुर्घटनामा एक जना घाइते भएका थिए। घाइते समीर कामी सिस्ने ५ का हुन् उनी उपचारपछि घर फर्किसकेको प्रहरीले जनाएको छ। अहिले शवहरू दुर्घटनास्थलबाट निकालेर परिवारलाई बुझाउने काम भइरहेको प्रहरीको भनाइ छ।

ज्यान गुमाएकाहरूमा सिस्ने-५, टाकुरा, रुकुम पूर्व घर भएकाहरू (१० जना) मा गोर्खबहादुर बुढाथोकी (३२ वर्ष), तिलकुमारी बुढाथोकी (५३ वर्ष), युवा बुढाथोकी (२८ वर्ष), दिव्यन बुढाथोकी (१० वर्ष), सृजना बुढाथोकी (२४ वर्ष), सुदीप बुढाथोकी (१३ वर्ष), ओमकुमारी बुढाथोकी (४० वर्ष), मीना कामी (६० वर्ष), लक्ष्मी शाह (६० वर्ष), रुक्मिणा बस्नेत रहेका छन्।

यस्तै भुमे-५, रुकुम पूर्व घर भएकामा टेकप्रसाद बुढामगर छन्।

दाङको घोराही-१५, रतनपुर घर भएकाहरूमा दोरपती जिसी (५४ वर्ष), तिला जिसी (३२ वर्ष), जेनिस जिसी (७ वर्ष), जेनिसा जिसी (१२ वर्ष), एलिना जिसी (२५ वर्ष), संयोग जिसी (७ वर्ष), यमबहादुर जिसी (उमेर नखुलेको) घोराही-१३, धनमाया विष्ट शान्तिनगर, दाङ (हालः सिस्ने-५, रुकुम पूर्व) र बेदु कामी (४२ वर्ष) - सवारी चालक रहेका प्रहरीले जानकारी दिएको छ।

खल्लो भयो बुद्धजयन्ती :

# सभामुख र पर्यटन मन्त्री नबोली फर्किए

**प्रधानमन्त्री नआएकोमा स्थानीय असन्तुष्ट हुँदै संघीय सरकारले बुद्ध जन्मस्थल लुम्बिनीलाई उपेक्षा गरेको गुनासो गरेका छन्।**





**लुम्बिनी संवाददाता**

*बुटवल*

बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजित २५७०औं बुद्ध जयन्ती कार्यक्रममा प्रधानमन्त्री नआएका र आएपनि सार्वजनिक मन्तव्य नदिई सभामुख र पर्यटन मन्त्री फर्किएपछि कार्यक्रम खल्लो भएको छ। त्यसमाथि वर्षाका कारण समेत कार्यक्रम प्रभावित हुँदा सरोकारवाला र स्थानीय बासिन्दा असन्तुष्ट बनेका छन्।

विगतका बुद्ध जयन्ती सम्मरोहमा प्रधानमन्त्री आउने र सम्बोधन गर्ने प्रचलन थियो। तर झण्डै दुई तिहाई बहुमतको बलियो सरकारका प्रधानमन्त्री बालेन्द्र शाह यसपटक के कारणले नआएका हुन् भन्ने स्पष्ट भएको छैन। सुरुमा आउने, तर भाषण नगर्ने भनिएकोमा पछि प्रधानमन्त्री नआउने निर्णयले समेत भक्तजन र पर्यटक आगमन निकै कम हुँदा बुद्ध जयन्ती निकै खल्लो भएको स्थानीय पर्यटन व्यवसायी कृष्ण गुरुङले बताए।

झण्डै दुई तिहाई बहुमत प्राप्त युवा प्रधानमन्त्री बुद्ध जयन्तीमा लुम्बिनी नआउनुले लुम्बिनीलाई महत्व नदिएको सन्देश गएको र स्थानीय निराश भएका गुरुङको भनाई छ। लुम्बिनी विकास कोषले बुद्ध जयन्तीबारे एक महिनाअघिदेखि प्रचार प्रसार गरेको भए पर्यटन आगमन बढ्न सक्नेमा त्यो नभएको उनले औंल्याए। बुद्ध जयन्तीमा प्रधानमन्त्री न आउनु गलत भएको चर्चित पत्रकार ऋषि धमलाले गुनासो गरे। उनले प्रधानमन्त्री बालेन लुम्बिनी नआएकोमा आक्रोश समेत व्यक्त गरे।

मायादेवी मन्दिर परिसरमा शुक्रबार २५७०औं बुद्धजयन्ती पूजाआजा र ध्यान मात्र गरेर मनाइएको छ। लुम्बिनी विकास कोषले शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा शुक्रबार बिहानैदेखि कार्यक्रम आयोजना गरेको हो। सुरुमा बिहान ५ बजे नै कार्यक्रम गर्ने भनिएको थियो। तर पछि ८ बजे सुरु भएको थियो। वर्षा समेत भएकाले बुद्ध जयन्तीमा भक्तजन र पर्यटकहरु छाता ओढेर मायादेवी मन्दिर आएका थिए।

पूजामा सहभागी भएका सभामुख डोलप्रसाद अर्याल र मन्त्री पौडेलले बुद्ध जयन्तीका अवसरमा लुम्बिनीमा सार्वजनिक मन्तव्य दिने धेरैको अपेक्षा भए पनि दुवै जना नबोली फर्किए। राष्ट्रियस्तरको महत्वपूर्ण कार्यक्रममा अघिल्लो दिन आएर बास बसेर कार्यक्रममा सहभागी सभामुख र विभागीय मन्त्रीले सार्वजनिक रुपमा सरकारको धारणा नराख्नुको अर्थ अहिलेको संघीय सरकारले लुम्बिनीलाई पूर्णतः अपेक्षा गरेको सरोकारवालाले अड्कल गरेका छन्। सार्वजनिकरुपमा मन्तव्य नदिएका विभागीय मन्त्रीले समेत लुम्बिनी विकास कोषका पदाधिकारी र कर्मचारीलाई कुनै निर्देशन नदिएको एक उच्च तहका कर्मचारीले बताए।

सभामुख र विभागीय मन्त्री आउने भए पनि रास्वपाका आधा दर्जन सांसदहरु र रास्वपा कार्यकर्ताको लुम्बिनीमा अघिल्लो दिनदेखि नै लर्को लागेको थियो। कतिपय सांसदहरु सांसदको लोगो विनै उपस्थित थिए। तर विपक्षी दलहरुका नेता कार्यकर्ताको उपस्थिति शून्यप्रायः थियो।

मन्त्री चेतनारायण आचार्य पनि कार्यक्रममा आएका थिएनन्, तर प्रदेशका पर्यटन मन्त्री प्रचण्डविक्रम न्यौपाने भने उपस्थित थिए।

हरेक वर्ष बैशाख शुक्ल पूर्णिमाका दिन शान्तिका अग्रदुत गौतमबुद्धको जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाण भएको दिनमा बुद्धजयन्ती मनाउने गरिन्छ। गौतमबुद्धको जन्म, बोधि प्राप्ति र महापरिनिर्वाण पनि बैशाख पूर्णिमाकै दिन भएकाले यस दिनलाई बौद्ध धर्मावलम्बीले विशेष दिनका रूपमा मनाउने गर्छन्। बुद्ध जयन्तीमा लुम्बिनीमा भिक्षु, भिक्षुणी, डोल्मासरलगायत श्रद्धालु भक्तजनहरु सहभागी भएका छन्।

बौद्ध धर्मावलम्बीहरुले दान, ध्यान, प्रवचनलगायतका कार्य गरी बुद्ध जयन्ती मनाउने गर्छन्। तत्कालीन राजा शुद्धोधन र रानी मायादेवीको पुत्रका रूपमा जन्मेका सिद्धार्थ गौतम २९ वर्षको उमेरमा दरबार त्याग गरी ज्ञानको खोजीमा निस्किएका थिए।

## सुकुम्वासी बस्ती हटाउँदा महिला बेहोस



बुटवल। काठमाडौंको थापाथलीस्थित बागमती नदी किनारमा रहेको सुकुम्वासी बस्ती हटाउनेक्रममा एक महिला बेहोस भएकी छन्।

प्रहरीले बेहोस भएकी ती महिलालाई उपचारका लागि एम्बुलेन्सको सहयोगमा अस्पताल पठाइएको जनाएको छ। बेहोस भएकी महिला रेखा कुँवर हुन्।

त्यस्तै बल्खुमा शनिबार खाली गरिएको सुकुम्वासी बस्तीनजिकै बागमती खोलामा एक व्यक्ति मृत फेला परेका थिए। शुक्रबार बिहान घर भत्केको हेर्न सक्दिनँ भन्दै निस्किएका व्यक्ति दिउँसो बागमती खोलामा मृत भेटिएका हुन्।

मृत फेला परेका व्यक्ति ६१ वर्षीय ईन्द्रबहादुर राई रहेको उनकी पत्नी सरिता राईले बताइन्।


## जिल्ला आर्थिक गणना कार्यालय, नवलपरासी पश्चिमको अनुरोध

यही मिति २०८३ साल वैशाख २ गतेदेखि असार ७ गतेसम्म **सञ्चालन हुने राष्ट्रिय आर्थिक गणना, २०८२ का लागि सुपरिवेक्षक तथा गणक जिल्लाका सबै** साना तथा ठूला उद्योग, कलकारखाना, व्यापारिक प्रतिष्ठान, होटल तथा रेष्टुरेन्ट, निर्माण कम्पनी, बैंक, वित्तीय संस्था, सहकारी, यातायात सेवा प्रदायक, सामाजिक संघ-संस्था, क्लब, राजनीतिक दल, उपभोक्ता समिति, शैक्षिक एवं स्वास्थ्य संस्था र दर्ता भएका कृषि व्यवसाय लगायतका सबै प्रतिष्ठानहरुमा खटिएर स्थलगत तथ्याङ्क सङ्कलन कार्य हुँदैछ।

'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नारालाई आत्मसात् गर्दै, आ-आफ्ना प्रतिष्ठान/व्यवसायका क्रियाकलाप सम्बन्धी सत्य-तथ्य र पूर्ण विवरण उपलब्ध गराई यो राष्ट्रिय अभियान सफल पार्न हार्दिक अनुरोध गर्दछौं। संकलित सबै विवरणहरु तथ्याङ्क ऐन, २०७९ बमोजिम पूर्ण रूपमा गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ।

**कोही नछुटौ राष्ट्रिय आर्थिक गणना, २०८२ सफल पारौं।**

**टोल फ्री नं. : ११७८**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राष्ट्रिय तथ्याङ्क कार्यालय

राष्ट्रिय आर्थिक गणना, २०८२

**जिल्ला आर्थिक गणना कार्यालय**

नवलपरासी, पश्चिम

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८३ बैशाख १९ गते, शनिबार

तपाईंका लागि...



**बिट्विन द लाइन्स्...**

चारैतिर हेर्छु हात लाग्यो शून्य !
मेचीदेखि महाकालीसम्म जम्मै उस्तै छ
यो नूतन परिवर्तन हो या पाखण्डीपनको नर्तन ?
म छली इतिहाससित बारम्बार सोधिरहेछु ।

**– कृष्ण सेन 'इच्छुक'**
**('हात लाग्यो शून्य' कविताबाट)**

**रचनागर्भ**

# 'अज्ञात'को बीजकथा

**केशवराज ज्ञवाली**

म आमालाई एकछिन पनि छाड्दिनथें ।

आमाको धोतीको फेरो समातेर पछिपछि हिँडेको, उभिएको सम्झिन्छु । आमा काम गरिरहनुहुन्थ्यो, म बोलिरहन्थें । आमा गोठनजिकैको थाँक्रोमा आकाशतिर हेरेर सुकेका बोडी वा सिमी टिप्दै हुनुहुन्थ्यो । म भुइँतिर हेरेर खसेका गेडा गनिरहेको हुन्थें ।

'यी पनि जम्मा गर्ने हो ?' म सोध्थें ।

'पर्दैन, पछि ती आफैँ उम्रन्चन्,' आमा भन्नुहुन्थ्यो ।

'सप्पै उम्रन्चन् त ?'

'कति चराले खानन् । कति कुहिएर, सुकेर जानन् । कतिलाई घामपानी नमिल्ला । दुईटा दाना टुसाए पनि धेरै हुन्च ।'

अहिले आमा हुनुहुन्न, भएको भए भन्ने थिएँ, 'आमा, अज्ञात बाँझो जमिनमा खसेका अनेकौं बिउमध्ये टुसा हालेको एउटा बिउको कथा हो ।'

कैयौं बिउ खसे होलान्, मनको चेतन-अवचेतन जमिनमा । कुन चाहिँ उम्रियो होला ? कुन चाहिँ झाङ्गिएर यो आकारमा आयो होला । कति धेरै यसै हराए होलान् ।

यति बेला सम्झेसम्मका बिउहरूको फेहरिस्त बनाउने तरखरमा छु ।

**बिउ–एक**

आफूभन्दा ठूला कक्षाका दाजुहरूको पुस्तक पढ्ने रहर लाग्थ्यो । त्यहाँ अनेक कथा र कहिल्यै नसुनेका कुरा हुन्थे । एक दिन आफूले फुटाउन नसकेका वाक्य हेरेर घोरिएको सम्झन्छु । आमा पछाडि उभिएर हेरिरहनुभएको रहेछ ।

मेरी आमा, जसले स्कुलका कुनै कक्षा उत्तीर्ण गर्नुभएन । भन्नुहुन्थ्यो, 'ठूलो भाइलाई बानी पार्न चार महिना गएकी हुँ ।'

आमाले मेरो काँधमाथिबाट हेरेर बिस्तारै गाउनुभयो-

धेरै वर्षअघिको
कथा नालापानीको
सानुसानु नेपाल
नालापानी किल्लामा
नलिई आराम छिनभर
नसुती चारै प्रहर
खुबैसित लडे रे
बलभद्र कुँवर ।

अहिले सम्झिन्नँ, त्यसपछिको कुरा । तर त्यति भनिसक्दा मैले पक्कै प्रश्नका ओइरो लगाएँ हुँला !

'कति सोधेको ? ठूलो भएर आफैं पढ्नू नि,' आमाले धेरै पटक यस्तै भन्नुहुन्थ्यो ।

यी र यस्तै प्रसङ्गले दिएको भावुकता र कल्पनाको बाटोमा हिँडेर दश कक्षासम्म पुग्दा नेपालको ऐतिहासिक रूपरेखा कैयौं पटक पढेको सम्झिन्छु ।

धेरै वर्षपछि पनि प्रश्नले पछ्याउन नछाडेपछि देहरादुन नजिकैको खलङ्गा (नालापानी किल्ला) पुगेको थिएँ ।

भारतीय भूमि । सानो पहाडी थुम्को । त्यसको शिरमा बसेको खलङ्गा । त्यहाँ बलभद्र स्मारक लेखिएको बोर्ड देखेर हामीलाई भारतीय ट्याक्सी ड्राइभरले भनेका थिए, 'दाजी, कुछ तो बडा किया होगा उन लोगों ने यहाँ । तभी तो लोग आज भी याद करते है ।'

पछि कैयौं पुस्तक पढ्दै जाँदा थाहा भयो । अङ्ग्रेज फौजलाई भरोसा थियो- गोर्खालीहरूलाई त यसै जितिन्छ । हामीलाई देखेपछि ती कि भाग्छन्, कि आत्मसमर्पण गर्छन् । देहरादुनको नालापानी त लड्नै पनि नपर्ने, यसै कब्जा गर्न सकिने बाटोमा परेको सानो किल्ला हो । इस्ट इन्डिया फौज १ नोभेम्बरमा अर्की (बडाकाजी अमरसिंह थापाको मुकाम) पुग्न हिँडेको थियो । तर नालापानीमा उनीहरूले नसोचेको लडाइँ लड्नुपर्‍यो । त्यहाँ छुटेको एउटा गोली जनरल जिलेस्पीको मुटु फुटाएर निस्कियो । आक्रमणकारी फौज




एक महिनाभन्दा बढी त्यहीँ रोकियो । त्यो विश्वविजेता अङ्ग्रेजका लागि अप्रत्याशित थियो । त्यसले पश्चिमको लडाइँ लामो समय तन्काइदियो ।

त्यहाँ दुई जिद्दी जमात लडेका थिए । त्यो लडाइँका कैयौं विदारक प्रसङ्ग छन् । मलाई भने जिलेस्पीको मुटु छेड्ने गोली छुटेको बन्दुक, त्यो बन्दुक समात्ने हात र त्यो हातको धनी सिपाहीले पिछा गरिरह्यो । उधिन्दै जाँदा त्यो सिपाहीसँग जोडिएर ऊ जस्तै अनेकौं अज्ञात मान्छेका लस्कर भेटिए ।

**बिउ–दुई**

काठमाडौं छिरेपछि ५० को दशकका सुरुवाती वर्षहरूमा कान्तिपुर दैनिक (यकिन छैन, तर कान्तिपुर नै हो जस्तो लाग्छ) मा विशाल नेपालसम्बन्धी स्तम्भ साप्ताहिक रूपमा प्रकाशन हुन्थ्यो । त्यसमा नेपालको बृहत् आकारको चर्चा हुन्थ्यो ।

गोर्खालीले गरेका लडाइँ र फैलिएको गोर्खाको सिमानाका अनेक प्रसङ्गको त्यसमा चर्चा हुन्थ्यो । हरेक पटक किशोर मनले प्रश्न गर्थ्यो । त्यो समयका के-कस्ता घटनाबाट गुज्रेर सानो पहाडी राज्य त्यति पर पुग्यो होला ?

त्यही प्रश्नले लखेटिएर जेठको एउटा दोपहरमा पृथ्वीनारायण शाहको गोर्खा दरबारको आँगनमा उभिएको थिएँ । त्यहाँदेखि राम शाहको चौतारोसम्म गर्मीका लामा दिन बिताएको थिएँ ।

त्यहाँ मलाई कुनै एक क्षणका लागि मात्रै भए पनि भरखरै जुँगाको रेखी बसेको किशोरको मनोविज्ञानको झिल्को देख्नु थियो । त्यो किशोर, जो सानो र गरिब राज्यको युवराज थियो । तर कुनै प्रेरणा, लालसा र लोभले चन्द्रागिरिमा उभिएर नेपाल खाल्डोपट्टि फर्केर जुँगामा ताउ लगाएको थियो ।

साहस र दुस्साहसको अन्तर अत्यन्तै झिनो हुन्छ जस्तो लाग्छ । साहससँगै योजना, प्रतिबद्धता र निरन्तरता आउँदो हो । दुस्साहस परालको आगो झैं ह्वार्र बलेर सकिँदो हो । तर त्यो दुस्साहस रहेनछ, तब त अहिलेको आँखाको चेतनाले हेर्दा ठीक वा बेठिक देखिने कैयौं प्रसङ्गपछि त्यो किशोर गोर्खाको बागडोर सम्हालेको २५ वर्षमा नेपाल खाल्डोमा आइपुग्यो ।

प्रश्नले फेरि रूप फेर्‍यो । के साहस र दुस्साहसको सीमामा उभिने त्यो युवक एक्लै थियो ? वा त्यहाँ अरुको पनि लाम थियो ? ऊसँगै उभिएका सयौं-हजारौंको नाम आजपर्यन्त थाहा छैन । तर ती पनि त्यहीँ उभिएका हुँदा हुन् ।

मलाई इतिहासले चिनाएका ज्ञात अनुहारभन्दा बढी अज्ञात पात्रहरूले तानिरहे । केही उत्तरको आसमा पुगेको थिएँ । तर झन् धेरै प्रश्नले खेदिएर ओरालै-ओरालो झरें ।

**बिउ–तीन**

२०६० सालमा इन्जिनियरिङ सकिएपछिको पहिलो जागिरको अभिमुखीकरण तालिम राष्ट्रिय योजना आयोगमा थियो । त्यहाँ एक जना प्रशिक्षकले सोध्नुभयो, 'अन्तर्राष्ट्रिय नक्सामा आधिकारिक रूपमा नेपाल राज्य स्थापित भएको वर्ष कुन हो ?'

सुन्नेहरूसँग उत्तर थिएन । तर उहाँ आफैंले फेरि सोध्नुभयो, 'अबको १५ वर्षमा यो देशले आधुनिक विश्वमा परिचय पाएको दुई सय ५० वर्ष पुग्दै छ । यो राष्ट्रिय जीवनका लागि महत्त्वपूर्ण कोसेढुङ्गा हो । तर यो वर्ष र समयलाई वर्तमानले बिर्सेको जस्तो लाग्छ ।सबै देशको राष्ट्रिय दिवस वा 'नेसनल डे' हुन्छ । हाम्रो भने छैन । के यो विचार गर्नुपर्ने, सम्झिनुपर्ने कुरा होइन ?' भर्खर कलेज सकेर निस्किएको मसँग त्यस प्रश्नको उत्तर थिएन, अझै पनि छैन ।

त्यसपछि २०६२-६३ को आन्दोलन भइहाल्यो । आन्दोलनअघि स्कुले शिक्षाका क्रममा शाहदेवगाथाको पढाइ छँदै थियो । देश गणतन्त्रमा प्रविष्ट हुँदै गर्दा कतिपय आवाजमा नेपाल बन्दै गर्दाको अत्यन्तै अँध्यारो चित्रका कथा पनि चर्चामा आए ।

तर नेपालको वर्तमान भूगोलको सत्य जीवनका अरु धेरै सत्य जस्तै दुई अतीतहरूको बीचबाट हिँडेको हुनुपर्छ । न सम्पूर्ण रूपमा उज्यालो, न सम्पूर्ण रूपमा अँध्यारो । दुई ओटै रङ मिसिएर बनेको खैरो, घुर्मैलो विशाल नदी ।

...

हजार कमजोरी र कमीसहित हामीले चिनेको इतिहास हाम्रो हो । यो अहिलेको भूगोलसँग जोडिएको तथ्य हो । गोर्खाका नवयुवक राजा पृथ्वीनारायण शाह गद्दीमा चढेपछि (विसं १७९९) उनलाई मन परेको नेपाल खाल्डोको राजा हुने इच्छापूर्तिमा काम सुरु गरे । झन्डै २५ वर्षको प्रयासपछि गोर्खा फैलिएर काठमाडौं उपत्यकासम्म आयो । अनेकौं लडाइँ, कूटनीति, बल, राजनीति आदिको प्रयोगले त्यस राज्यको विस्तार चलिरह्यो ।

१८७१ सालमा सुरु भएको गोर्खा-अङ्ग्रेज लडाइँसम्म तत्कालीन सत्ताको एउटै ध्येय राज्य विस्तार रहेको देखिन्छ । त्यो तत्कालीन सत्ताको सङ्कल्प जस्तो लाग्छ । हरेक राजा (सत्ता) ले धेरैथोरै राज्य विस्तार गरेकै भेटिन्छ । नेपालको आधुनिक इतिहासमा सम्पूर्ण सत्ता एउटै उद्देश्यमा दत्तचित्त भएको अर्को कालखण्ड भेटिन मुस्किल छ ।

त्यसकै परिणाम, तत्कालीन गोर्खा राज्य (नेपाल) को सिमाना सतलजदेखि टिस्टासम्म फैलिन पुग्यो । त्यो फैलिने क्रममा अहिलेको समयमा सही, गलत वा रोमाञ्चक लाग्ने उपाय वा रणनीति अपनायो । त्यसका विविध कोणहरूको उत्खनन् विश्लेषण भएकै छ र हुने नै छ ।

संसारभरि हेर्दा लाग्छ, हरेक पुस्ताले दोहोर्‍याएर इतिहास लेख्छ । आ-आफ्नो युगको चेतनाअनुसार तिनै घटनाको नयाँ दृष्टिबाट विश्लेषण गर्छ र आ-आफ्नो दृष्टि बताउँछ । इतिहास त्यही रहन्छ । तर नयाँनयाँ वर्तमानले नयाँ प्रश्न र दृष्टिकोण बोकेर आउँछ । नेपालको इतिहासको सन्दर्भमा पनि यो लागु भएकै छ र हुने नै छ । विभिन्न समयमा, विभिन्न कोणबाट गरिएका विश्लेषणमा कम-अधिक सत्य सबैसँग छ । ती सबै सत्य परिपूरक जस्ता लाग्छन् । सबै जोडिँदा मात्र सम्पूर्ण सत्य बन्छ ।

गोर्खाली सत्ताले बृहत् आकार लिँदा दर्जनौं राज्यको सीमा मिच्यो । गाउँका गाउँ मान्छे काटिए, मासिए । कैयौं भाषा परम्परा त्यो घमासानको चपेटामा परेर हराए वा सदाका लागि कमजोर भएर गए । त्यो सत्य हो । सँगसँगै यो पनि सत्य हो, झन्डै ७० वर्ष चलेको अभियानले आजको राष्ट्रिय परिचय दियो । त्यसमा हजारौं मान्छेले रगत-पसिना मिसाए ।प्राण मिसाए । ठूलो सङ्ख्यामा सिपाही, किसान, खोला तार्ने माझी, हतियार बनाउने, बाजा बजाउनेहरू संलग्न भए । ती साना मान्छेमध्ये कैयौं रोजगारीको इच्छाले जोडिए होलान् । कैयौं राजाको आज्ञा मान्नैपर्ने तत्कालीन चेतनाका कारणले जोडिए होलान्।

एक पटक लागेपछि नुनको सोझो गर्नैपर्ने तत्कालीन नैतिक चेतनाले उनीहरूलाई डोर्‍यायो होला । उनीहरू जन्मेर कुनै पनि लडाइँको एउटा भाग बन्दासम्म हिँडेका जीवनका बाटा हजारौं होलान् । त्यहाँ हजारौं कथा नउधिनिएर बसेका होलान् । ती सारा कथाको उत्खनन असम्भवप्रायः लाग्छ ।

बिउले जमिनमा खुट्टा टेकेको हुँदो हो । मनमा धसिएका जराले पेचिलो प्रश्न बनेर घोच्न थाले । यो नेपालको निर्माता को हो ? वा को-को हुन् ? के यो कुनै एउटा राजाको ठूलो राज्यको भोग गर्ने लोभले मात्रै जन्मिएको हो ? वा उक्त समय, समाज त्यो परिवर्तनका लागि उत्सुक, इच्छुक र तयार थियो ?

प्रश्न ठूलो लाग्यो । उत्तरको सुरुवातमा त्यो समयको कल्पना आयो । कल्पनामा हजारौं हजार मान्छेको लस्कर आयो । ती अनेक वर्ग, पेसा र अरु सामाजिक विभाजनसहित आए । तर ती सबै अनेक अनुहार लिएर आए । प्रश्न झन् थपिएर आयो, हाम्रो इतिहासले तिनीहरूको छुट्टाछुट्टै अनुहार चिनेको छ कि छैन ?

इतिहासका अनेक-अनेक ठेलीमा डिका लागेका सहस्र वाक्य छन् । ती डिकामा झुन्डिएका दर्जनौं नाम छन् । तर मैले कल्पिएका यी मान्छेका नाम त्यहाँ आइपुग्दैनन् । सायद अक्षरका लहरहरूमा आइपुग्न उनीहरूको हैसियत पुग्दैन । सायद उनीहरूको पहुँच पुग्दैन ।ती हराउँछन्, तिनै लहरबीच पर्ने खाली ठाउँमा । ती भन्छन्-'हामी सैनिक थियौं । सामान्य, अतिशय सामान्य दर्जाका । लड्यौं, घाइते भयौं, मर्‍यौं, सकियौं ।'

ती भन्छन्-'हामी किसान थियौं । राज्यका लागि खेती गर्‍यौं । एक मुठी फल्दा आधाआधा बाँड्यौं, कुलो काट्यौं, खोरिया फाँड्यौं। सकेसम्म गर्‍यौं । आधा भरिएको पेट र आधा छोपिएको ज्यानबाट गर्मीभरि पसिना बगाइरह्यौं । जाडोमा कठ्याङ्ग्रिएर डल्लो पर्‍यौं । नाङ्गै ज्यानमा कहर काटेरै पनि लागिरह्यौं । तर त्यही कहरसँगै डल्लिएर हरायौं ।'

ती सिपाही, किसान, भरिया, हुलाकी, माझी, ढलेट र अरु अनेकौं भूमिकामा आउँछन् । सिङ्गो समाज र अभियान थाम्छन् । तर गुमनाम रहन्छन् । अज्ञात रहन्छन् । प्रश्न छाडेर जान्छन् । यो देश कसले बनायो ? यो सिमाना कसले कोर्‍यो ? कसले थाम्यो ? इतिहासका गुरुले राजाको नाम पढाए ।

दर्जन वा त्योभन्दा बढी भारदार सेनानायकको नाम पढाए । तर प्रश्न बाँकी रहन्छ, त्योभन्दा पर के छ ? त्योबाहेक के छ ? कहाँ छन् ती इतिहासका डिकामा झुन्डिएका हरेक नामपछाडि उभिएका हजारौं हजार अनामहरू । हजारौं हजार अज्ञातहरू । उनीहरूको पनि गन्ती हुनुपर्ने । उनीहरूको जीवनको पनि माने हुनुपर्ने । ती उभिन्छन् यसै, एउटै नाम र एउटै अनुहार लिएर । के उनीहरूको भिन्नाभिन्नै नाम छैन ? के उनीहरूको भिन्नाभिन्नै विचार, व्यवहार र कथा छैन ? कल्पनाको घोडा दौडाएर, इतिहासका उबडखाबड सतहमा अज्ञात मान्छेको कथा खोज्न मन लाग्यो । यो दुस्साहस वा साहसले आकर्षित गरिरह्यो ।

अज्ञात ७० वर्षसम्म चलेको त्यो अभियानको गाथा होइन । यो इतिहास र त्यसको सम्पूर्ण कथा पनि होइन । एउटा विशाल नदीभित्र मिसिएका हजारौं हजार मसिना पानीका धर्सामध्ये कुनै एउटा धारको काल्पनिक कथा हो । इतिहासले राजा, महाराजालाई चिन्छ । भारदार, काजी, दरबार, सेना, नायकहरूलाई चिन्छ । तर तत्समयमा नेतृत्व लिएकालाई सघाएका सामान्य मानिस अज्ञात नै रहन्छन् । यो तिनै हजारौं अज्ञातमध्येका केही कथाको बुनोट मात्रै हो । यो एउटा लेखकले गरेको प्रयत्न हो, फगत प्रयत्न । न त्योभन्दा कम, न त्योभन्दा बढी । लेख्न बस्दा उठेका कैयौँ प्रश्न ज्युँका त्युँ छन् र रहनेछन् । नेपाली भाषाका महाकविले शाकुन्तल महाकाव्यको भूमिकामा लेखेका शब्द मनमा ठोकिइरहन्छन् ।

देवकोटाले भन्दा राम्रोसँग भन्ने ह्याउ मसँग छैन । उहाँकै शब्दको आड लिएर यो भारी बिसाउँछु– 'यो एउटा भागीरथी गङ्गा हो, थाप्लामा बोक्न मुस्किल छ । एकबार यस्तै भयो । पछि अझ राम्रो गरम्ला ।'

(केशवराज ज्ञवालीको बिहिबार लोकार्पण भएको उपन्यासबाट)

**किताब**

# परिवर्तनको लागि महिला योगदानको दस्ताबेजः भूमिगत महिला

नवराज पाण्डे

३० वर्ष लामो निरकुंश पञ्चायती व्यवस्था यत्तिकै अन्त्य भएको थिएन । पञ्चायको अन्त्य तथा लोकतन्त्र स्थापनाका लागि भएका सङ्घर्षको इतिहास अध्ययन गर्दा प्रायः पुरुषहरूको चर्चा हुन्छ । राजनीतिक सङ्घर्ष, त्याग र बलिदान केवल पुरुषहरूले गरेको जस्तो प्रस्तुत गरिन्छ । तर कुनै राष्ट्रको राजनीतिक परिवर्तनमा समाजका विभिन्न तह र तप्का मानिसहरूको भूमिका हुन्छ । डा. विन्दा पाण्डेको सम्पादकत्वमा भर्खरै प्रकाशित 'भूमिगत महिला' वर्गीय मुक्ति, लैङ्गिक समानता र सामाजिक न्याय स्थापनाका लागि योगदान गरेका २८ साहसी महिलाको जीवन भोगाईको अभिलेख हो । परिवर्तनका लागि परिवार, बालबच्चा, अध्ययनलाई त्यागी बलिदानी भावनासाथ समर्पित महिला योद्धाहरूको कथा हो । मोतीदेवी स्मृति केन्द्रद्वारा प्रकाशित यो पुस्तकमा पञ्चायती निरकुंशताविरुद्धको लडाईमा महिलाहरूको भूमिकालाई संयोजक डा. विन्दा पाण्डे र साथीहरूले ज्यादै प्रभावकारी रूपमा संयोजन गर्नुभएको छ।

विशेषगरी २०४६ सालको परिवर्तनभन्दा पहिलेको नेपालको राजनीतिक अवस्थाको बारेमा चित्रण गरिएको यस पुस्तकमा निरंकुश व्यवस्था र परिवर्तनको लागि महिलाले पुर्‍याएको योगदानको नखुलेका कथाहरू उल्लेख छन् । त्यसअर्थमा यो एउटा महत्वपूर्ण दस्तावेज हो र नयाँ पुस्ताको लागि पञ्चायती कठिन समय महसुस गर्नका लागि उपयुक्त पुस्तक हो ।

पुस्तकमा हामी सङ्घर्षशील महिलाका अपत्यारिला योगदानहरू भेट्छौं । १६ वर्षको उमेरमा स्कुल छोडेर क्रान्तिको लागि होमिएकी गौरा प्रसाईले भोगेको धरपकड र यातनाको कथाले विद्रोही आवाजलाई तत्कालीन सरकारले कुन स्तरमा दबाउन चाहन्थ्यो चित्रण गरेको छ । धनी किसान परिवारकी छोरी भएर पनि क्रान्तिको लागि आफ्नो दुधे बच्चा आश्रयदाताको घरमा छोडेर भूमिगत




विद्रोहमा होमिएकी सीता खड्का पटक-पटक मृत्युको मुखमा पुगेको कथाले पाठकको मस्तिष्क हल्लाइदिन्छ ।

अर्घाखाँचीमा जन्मिएकी शान्ता मानवीको आठ वर्षको उमेरमा विवाह भएको र १३ वर्षको उमेरमा विधवा हुनुपरेको प्रसङ्गले स्तब्ध बनाउँछ । कुनै चलचित्र वा उपन्यास जस्तो विधवा महिलाले कुन हदसम्मको मानसिक, शारीरिक, सांस्कृतिक, धार्मिक, आर्थिक, सामाजिक तथा पारिवारिक प्रताडना भोगेपछि परिस्थितिले घर छोड्न बाध्य बनाउँछ वर्णनले पाठकको आँखा अनायासै रसाउँछ । घर छोडेर अर्घाखाँचीदेखि पाल्पा, पाल्पादेखि भैरहवा, भैरहवादेखि लखनउ हुँदै दिल्ली पुगेर घरायसी कामदारको रूपमा काम गरिरहेकी शान्ता मित दाजु मोदनाथको आग्रहमा बनारस पुग्छिन् । त्यहाँ पुष्पलालसँग भेट हुन्छ र राजनीतिक सङ्घर्षमा सामेल हुन्छिन् । पुस्तकमा उनको भूमिगत जीवन, सांसद र मन्त्रीसम्मको यात्राका भोगाई, जीविका र राजनीतिक संघर्षको कठोर यात्रालाई समेटिएको छ ।

अष्टलक्ष्मी शाक्य, गोमा देवकोटा (स्विटर बुन्ने दिदी)का संघर्षका कथाहरू पनि ज्यादै रोचक ढङ्गबाट समेटिएका छन् । प्रहरीको गोलीबाट जोगिएर जंगलमा भाग्दै गर्दा प्रहरीले जंगलमै आगो लगाएर मार्ने प्रयास गरेको सुशीला श्रेष्ठको कथाले भूमिगत समयको त्रासदी पूर्ण जीवन र कठोर सङ्घर्ष झल्काउँछ ।

आफूसँग भएका गरगहना, नगद र लगाउन किनेका छालाका जुत्ता बेचेको पैसा समेत पार्टी कोषलाई हस्तान्तरण गरेर आन्दोलनमा होमिएकी राधा तिमिल्सिना, प्रभा कोइरालाहरूका भोगाई यो संग्रहमा छुटाउनै नहुने कथा हुन् । भूमिगत कालमा प्रहरीलाई कब्जामा लिएर समातिएका आफ्ना सहकर्मी र पर्चा-कागजपत्र खोसेका टुका हमालहरूका साहसी कथाहरूले महिलालाई केवल अबला र कोमल ठान्ने दृष्टिकोण नै बदलिदिन्छन् ।

पुस्तकमा चर्चा भएको चित्रे गाउँको कथाले निरंकुश पञ्चायतको अत्याचारले सर्वसाधारणलाई कुन हदसम्मको दमन गर्थ्यो भन्ने कुरा देखाउँछ । चित्रे गाउँका जनताहरूले भोग्नुपरेको कहाली लाग्दो कथाले यति धेरै विक्षिप्त बनाउँछ कि पाठकलाई ऐठन पारिदिन्छ, सोच्न बाध्य तुल्याउँछ ।

कथामा भूमिगत कालमा विरोधी तत्व र प्रहरीको आँखा छल्न कहिले नक्कली बेहुला बेहुली बनेको, कहिले चुरेनी बोक्सी जस्तो राति राति राति पँधेरोमा नाच्नुपरेको, कहिले सानीमा त कहिले भान्जी बन्नु परेको तितामिठा प्रसङ्ग पनि समेटिएका छन् ।

पुरुषहरूभन्दा महिलाको भूमिगत सङ्घर्ष झनै जटिल र कठोर हुन्छ । पुस्तकमा यस्ता धेरै प्रसङ्गहरू छन् । भूमिगत कालमै विवाह र पारिवारिक जीवन जिउने प्रयत्न भएको देखिन्छ । सबैभन्दा कष्टकर त मातृत्व हुँदोरहेछ । गर्भावस्थामा घाम देख्न नपाएको कारण बच्चा अस्वस्थ जन्मिएको, सानो बच्चा आश्रयदाताकोमा महिनौसम्म छोड्दा बच्चाले आमा नचिनेको जस्ता प्रसङ्गहरू जति कारुणिक छन्, महिला योद्धाको समर्पणको घनत्व प्रष्ट पार्न यथेष्ट छन् । आन्दोलनको क्रममा गिरफ्तारी, जेलजीवन, शारीरिक-मानसिक यातना पाउँदा समेत विचलित नभएका योद्धाहरू नेताहरूको हानथाप र स्वार्थका कारण कार्यकर्ता भकुण्डो जस्तो बन्नु परेको अनुभवले भने पाठक मन खिन्न बनाउँछ । यो संग्रहमा सङ्गहित २८ वटै जीवन भोगाएका कथाहरू ज्यादै सशक्त छन् । लामो समयदेखि खोज र अनुसन्धानमा खारिएकी डा. पाण्डेको सम्पादकत्वमा कमजोरी र खोट लगाउने ठाउँ भेट्न मुस्किल पर्छ । भाषाशैली र प्रस्तुति ज्यादै सरल छ । विषयवस्तु यति सशक्त छ कि पाठकलाई चुम्बकले जस्तै तानिरहन्छ ।

पुस्तक पढी भ्याउँदा कथाको संकलकले तपाईंको दिमागमा अव्यक्त रूपमा एउटा यस्तो प्रश्न जन्माइदिन्छ कि त्यो रगत, पसिना, त्याग र बलिदानको उचित मूल्याङ्कन हालका दिनहरूमा भइरहेको छ कि छैन ? पक्कै पनि केही समस्या र असन्तुष्टिहरू छन् । तर पुस्तकले प्रष्ट पार्छ यो देशमा वामपन्थी आन्दोलनको जग ज्यादै बलियो छ ।

अन्त्यमा, यो पुस्तक वास्तवमै समाजले महिलाप्रति हेर्ने दृष्टिकोण नै बदलिदिने प्रकृतिको छ । यो पुस्तकको अध्ययन गर्दा परिवर्तनको लागि योगदान गर्नुहुने ती साहसी महिलाहरूबारे थाहा पाउने होइन सम्मान पनि हुन्छ ।

कथा

# कोसीका घटवार (कोसीको घट्‌टवाल)

**मूल- शेखर जोशी**

*अनुवाद- जंगबहादुर शाह*

» *गताङ्कबाट*

गुसाईं निहुरेर घट्टबाहिर निस्कियो। फर्किने बेलामा आइमाईको एक झलक देखेर उसको सन्देह विश्वासमा परिणत भएको थियो। हताशझैं त्यो केही क्षण उसलाई गइरहेकी हेरिरह्यो र फेरि आफ्ना हात र शिरमा लागेको पीठोलाई छारेर एक-दुई पाइला अघि बढ्यो। ऊभित्रको कुनै अज्ञात शक्तिले फर्केर गइरहेकी त्यो महिलालाई बोलाउन बाध्य पारिदियो। आवाज लगाएर उसलाई बोलाउनका लागि मुख खोल्यो तर, बक्कै फुटेन। एक किसिमको झिझक र असमर्थता थियो, जसले उसको मुख थुनिराखेको थियो। त्यो आइमाई नदीसम्म पुगिसकेकी थिई। गुसाईंको अन्तरमा तीव्र उथलपुथल मच्चियो। यसपटक आवेग यति तीव्र थियो कि त्यसले आफूलाई रोक्न सकेन। लडखडाउँदो आवाजमा त्यसले पुकाऱ्यो- "लछमा!"

अत्यासका कारण त्यसले पूरा जोरका साथ बोलाउन सकेको थिएन। आइमाईले त्यो आवाज सुनिन। यसपटक गुसाईंले स्वस्थ भएर फेरि पुकाऱ्यो- "लछमा!"

लछमाले पछि फर्केर हेरी। माइतमा उसलाई सबै यसै नामले पुकार्दथे। यो सम्बोधन त्यसका लागि स्वभाविक थियो। तर, त्यसलाई शंका, शायद, यो थियो कि घट्टवालले एकपटक पिसान स्वीकार नगरेर पनि फेरि उसलाई बोलाउँदै छ वा उसलाई भ्रम मात्र भएको हो। उसले त्यहींबाट सोधी-

"मलाई बोलाउँदै हुनुहुन्छ ज्यू?"

गुसाईंले संयत स्वरमा भन्यो- "हुन्छ, ल्या! भइजाला।"

लछमा छिनभरि रोकिई र फेरि घट्टतिर फर्किई।

अचानक साक्षात्कार हुने मौका नदिने इच्छाले गुसाईं व्यस्तता-प्रदर्शन गर्दै देवदारको छायामा गयो।

लछमाले पिसानको थैलो घट्टभित्र राखिदिई। बाहिर निस्केर उसले आँचलको छेउले मुख पुछी। तेज धूपमा हिँड्नाले उसको मुख रातो भएको थियो। कुनै वृक्षको छायामा विश्राम गर्ने इच्छाले उसले यताउति हेरी। देवदारको छायामा, घट्टतिर पिठ्यूँ फर्काएर गुसाईं बसेको थियो। नजिकमा दाडिमको रुखको छायाँ बाहेक अन्यत्र बस्नेलायक ठाउँ थिएन। ऊ त्यतैतिर जान थाली।

गुसाईंको उदारताका कारण ऋणीजस्ती भएर नै उसले नजिक आउँदै भनी- "तिम्रा लालाबाला बाँचिरहुन्, घट्टवालज्यू। तिमीले ठूलो उपकार गऱ्यौ। माथिको घट्टमा पनि कति बेरमा पालो आउँथ्यो कुन्नि!"

अजन्मा सन्ततिप्रति दिइएका आशीवर्चनलाई मनैमन विनोदका रुपमा ग्रहण गऱ्यो। यसकारण उसको मानसिक उथलपुथल अलि कम भयो। लछमाले ऊतिर हेर्नुभन्दा पहिले नै उसले भन्यो- "बाँचीरहून् तेरा लालाबाला लछमा, माइत कहिले आइस्?"

गुसाईंले मनभित्रको उठिरहेको बवण्डरलाई रोकेर यो प्रश्न यति संयत स्वरमा गऱ्यो मानौं ऊ पनि अन्य दसजनाजस्तै लछमाका लागि एउटा साधारण व्यक्ति होस्।

दाडिमको छायामा पात-पतिंगर पन्छाएर बस्दै लछमाले सशंक भई गुसाईंतिर हेरी। कोसीको सुकेको धारा अचानक जल-प्लवित भएर बग्न थाल्दा पनि लछमालाई यति आश्चर्य हुने थिएन जति आफू बसेको ठाउँबाट मात्र चार पाइला टाढा गुसाईंलाई यस रूपमा देखेर भयो। त्यो विस्मयका कारण विस्फारित भएका आँखाले उसलाई हेरिरहेकी थिई मानौं उसलाई अझै पनि विश्वास भइरहेको थिएन कि जो व्यक्ति उसको सामु बसेको छ, त्यो उसको पूर्व-परिचित गुसाईं नै हो।

"तिमी?"

लछमा के भन्न चाहन्थी कुन्नि! शेष शब्द उसको कण्ठमा नै अड्किए।

"हो, पोहोर साल पल्टनबाट फर्किएको थिएँ। समय बिताउनका लागि यो घट्ट बनाउन लगाएको हुँ।"

गुसाईंले नै सोध्यो- "बालबच्चा सञ्चै छन्?"

आँखा भुईंमा टेकाएर, गर्धन हल्लाएर संकेतले नै उसले बच्चाहरूको कुशलताको संकेत दिई। भुँईमा खसेको दाडिमको एउटा फूललाई हातमा लिएर लछमाले त्यसका पत्रलाई एक-एक गरी निरुद्देश्य चुँडाल्न थाली। अनि गुसाईंचाहिँ पातलो सिन्काले आगोलाई खोतलिरह्यो।

कुराकानीको सिलसिला कायम राख्नका लागि गुसाईंले सोध्यो- "तँ अझै कति दिन माइतमा बस्लिस्?"

अब लछमालाई आफूलाई रोक्न असम्भव भयो। उसले मुण्टो निहुँराएर आँसु खसाल्न सुरु गरी टप्-टप्-टप्। सिसकीका साथ-साथ उसका तल-माथि भइरहेका काँधलाई गुसाईंले हेरिरह्यो। ऊ यो निश्चय गर्न सकिरहेकी थिएन कि उसले कस्तो शब्दद्वारा सहानुभूति प्रकट गरोस्।

यतिका बेरपछि गुसाईंको ध्यान लछमाको शरीरतिर गयो। उसको गलामा 'चरेउ' (सुहागको चिह्न) थिएन। हतप्रभझैं गुसाईंले उसलाई हेरिरह्यो। आफ्नो व्यावहारिक ज्ञानउपर उसलाई बेहद झुंझलाहट हुँदै थियो।

आज अचानक लछमासँग भेट भएपछि उसले ती सब कुरा बिर्सियो, जे ऊ भन्न चाहन्थ्यो। यस्ता क्षणमा ऊ मात्र श्रोता भएर बस्न चाहन्थ्यो। गुसाईंको सहानुभूतिपूर्ण दृष्टि पाएपछि लछमाले आँसु पुछ्दै व्यथा कथा कहन थाली-

"जसको भगवान् हुँदैन, त्यसको कोही हुँदैन। जेठ-जेठानीबाट कसैगरी छुटकारा पाएर, आमा बिरामी हुँदा यहाँ आएकी थिएँ। त्यो पनि मलाई छाडेर गई। एउटा अभागी छ रुनका लागि। त्यसैका लागि बाँच्नु परेको छ, नत्र, पेटमा ढुंगा बाँधेर कतै डुबी मर्थें, जंजालै काटिन्थ्यो।"

"यहाँ काका-काकीसँग बसेकी छौं?", गुसाईंले सोध्यो।

"अप्ठ्यारो परेको बेलामा कोही कसैको हुँदैन ज्यू। बाबाको जायजेथाउपर तिनका आँखा गडेका छन्। तिनी सोंच्छन् कि कतै मैले हक नजमाऊँ। मैले सफासँग भनिदिएँ कि मलाई कसैसँग केही लिनुदिनु छैन। जंगलको लीसा (लीसा- सल्लाको खोट) बोकी-बोकी आफ्नो गुजारा गर्नेछु, कसैको आँखाको कसिंगर बनेर बस्ने छैन।"

गुसाईंले कुनै प्रकारको मौखिक संवेदना प्रकट गरेन। सहानुभूतिपूर्ण दृष्टिले उसलाई हेरी मात्र रह्यो। दाडिमको वृक्षमा पिठ्यूँ टेकाएर लछमा पलेटी कसेर बसेकी थिई। गुसाईंले सोंच्न थाल्यो कि पन्ध्र-सोह्र वर्ष कसैको जीवनमा अन्तर ल्याउन कम हुँदैनन्। समयको यो अन्तराल लछमाको अनुहारमा पनि एउटा छाप छोडेर गएको थियो। तर, उसलाई लाग्यो कि त्यस छापमुनि त्यो आज पनि पन्ध्र वर्ष पहिलेकी लछमालाई देखिरहेको छ।

"कति तेज धूप छ असौं।"

लछमाको स्वर त्यसका कानमा पुग्यो। प्रसंग बदल्नका लागि नै मानौं लछमाले जानाजान भनेकी होस्।

अनि एक्कासि त्यसको ध्यान लछमातिर गयो जहाँ ऊ बसेकी थिई। दाडिमका फैलिएका, आधा ढाकिएका शाखाहरूबाट छिरेर धूप उसको शरीरमा लागिरहेको थियो। सूर्यको एउटा पातलो किरणले, कहिलेदेखि हो कुन्नि, लछमाको माथामा लगिएको एउटा लटलाई सुनौलो रंगीनीमा डुबाइरहेको थियो। गुसाईंले अपलक त्यसलाई हेरिरह्यो।

"आधा दिन त बितिसक्यो होला।" लछमाले प्रश्न गरेपछि गुसाईंको ध्यान भंग भयो- "हे, अब त दुई बज्न लाग्योहोला। त्यता गर्मी हुँदै छ भने यता आइज छायामा।"

त्यति भनेर गुसाईं एक लामो हाइ काढेर आफ्नो स्थानबाट उठ्यो।

"होइन, यतै ठीक छ" भनेर लछमाले गुसाईंतिर हेरी। तर, गुसाईंले त आफ्नो कुरा भनेर अर्कोतिर हेर्न थालेको थियो।

घट्टमा केही समय पहिले हालिएको पिसान समाप्तिमा थियो। पालोमा राखिएका पिसानको साटो, उसले गएर छिटोछिटो लछमाको अनाज सेग्लीमा खन्याइदियो।

सुस्त-सुस्त हिँड्दै गुसाईं कुलोको किनारसम्म गयो। आफ्नो अञ्जुलीमा भरेर त्यसले पानी खायो। त्यसपछि एउटा काम नलाग्ने घट्टभित्र गएर सिल्टीका भाँडाहरू ल्याएर अंगेनानेर फर्की आयो।

आसपासका सुख्खा दाउराहरू बटुलेर उसले आगो सल्कायो र एउटा कालो कसौंडीमा पानी राखेर जाँदाजाँदै लछमातिर हेर्दै भन्यो- "चिया खाने बेला हुन थाल्यो। पानी उम्लिएपछि चियापत्ती हालिदिनू। पुडियामा छ।"

लछमाले जवाफ दिइन। ऊ उसलाई नदीतिर जाने गोरेटोमा गइरहेको हेरिरही।

सडक-किनारको दोकानबाट दूध लिएर फर्किनमा गुसाईलाई निकै समय लागेको थियो। फर्केर आउँदा उसले देख्यो, छ-सात वर्षको एउटा बच्चा लछमाको शरीरसँग टाँसिएर बसेको छ।

मानौं बच्चाको परिचय दिने इच्छाले लछमाले भनी- "यो केटालाई घडीभरका लागि पनि चैन छैन। कुन्नि कसरी, सोधखोज गर्दै मेरो ज्यान खानका लागि यहाँ पनि आइपुग्यो।"

गुसाईंले लक्ष्य गऱ्यो कि बच्चाले, त्यसको दृष्टि बचाएर, आमासँग कुनै वस्तुका लागि ढिपी गरिरहेको छ। एकपटक झोंक्किएर लछमाले त्यसलाई हप्काइदिई- "चुप लाग! अब फर्केर घर जाने हो। त्यतिञ्जेल किन मर्नै लागेको?"

चियाको पानीमा दूध हालेर गुसाईं फेरि उही काम नलाग्ने घट्टमा आयो। एउटा थालमा पीठो राखेर त्यो कुलोको किनारमा बसी-बसी त्यसलाई गुँथ्न थाल्यो। देवदारतिर आउने बेलामा त्यसले एक-दुई भाँडा अरू ल्यायो।

लछमाले कसौंडीमा दूध-चिनी राखेर चिया तयार पारिदिएकी थिई। एउटा गिलास, एउटा इनामेलको मग (फौजी मग इनामेल) र एक सिल्टीको मेस टिन (फौजी मेस टिन)मा गुसाईंले चिया राखेर आपसमा बाँड्यो र ढुंगाले बनेको बेढंगको चुलोनेर बसेर रोटी पकाउने उपक्रम गर्न थाल्यो।

हातमा रहेको चियाको गिलास भुइँमा राखेर लछमा उठी। पीठोको थाल आफूतिर तानेर उसले स्वंय रोटी पकाइदिने इच्छा यस्तो स्वरमा प्रकट गरी कि गुसाईंले 'नाइँ' भन्न सकेन। उसले उभिई-उभिई लछमाले रोटी पकाएको हेरिरह्यो। गोल-गोल डब्बाजस्ता रोटी चुलोमा पाक्न थाले। वर्षौंपछि गुसाईंले यस्ता रोटी देखेको थियो, जो अनिश्चित आकारका फौजी लंगर (पाकशाला)का चपाटीहरू वा स्वंय उसले बनाएका बेडौल रोटीहरूभन्दा नितान्त भिन्न थिए। आटाको लोड् बनाउँदा लछमाका साना-साना हात निकै फुर्तीका साथ घुमिरहेका थिए। नारीमा लगाइएका चाँदीका बाला जब कहिलेकाहीँ परस्पर ठोकिन्थे तब 'खन-खन'को अत्यन्त मधुर स्वर निस्कन्थ्यो। जाँताको पाटसँग ठक्कर खाने काठको चिडियाका स्वर कति नीरस हुन सक्छन् त्यो आज पहिलोपटक अनुभव गऱ्यो।

कुनै कार्यवश ऊ काम नलाग्ने घट्टतिर गयो र निकै बेरसम्म रित्ता भाँडा-डब्बाहरूलाई यताउति गरिरह्यो।

ऊ फर्केर आउँदा लछमाले रोटी पकाइसकेर भाँडाहरू समेटिसकेकी थिई र अब हातमा लागेको पीठो धुँदै थिई।

गुसाईंले बच्चातिर हेऱ्यो। त्यो दुवै हातले चियाको मग समातेर लगातार गुसाईंलाई हेरिरहेको थियो। लछमाले आग्रहपूर्वक स्वरमा भनी-

"चियासँग खाने भए खाइहाल। पछि चीसो हुनेछ।"

"म त आफ्नो समयमा नै खाउँला। यो त बच्चाका लागि...।" स्पष्ट भन्न ऊ हिचकिचाइरहेको थियो मानौं बच्चाबारे चिन्तित हुने त्यसको चेष्टा अनधिकार होस्।

"होइन-होइन ज्यू! यो त अहिले घरबाट खाएरै आएको हो। मैले रोटी पकाएर राखिदिएकी थिएँ।" अत्यन्त संकोचपूर्वक लछमाले आपत्ति प्रकट गरी।

"अँऽऽ त्यसै भन्दै छ। कहाँ राखिएका थिए रोटी घरमा?" बच्चाले रुञ्चे स्वरमा वास्तविकता बतायो। रोटीहरू देखेर उसको संयम खस्केको थियो।

"चुप!"

आँखा तरेर लछमाले उसलाई हप्काइदिई। बच्चाको यस्तो भनाइले उसको स्थिति हास्यास्पद भएको थियो। यसकारण लज्जावश त्यसको आनन आरक्त भएको थियो।

"बच्चा हो, भोक लाग्यो होला। हप्काएर के फाइदा!"

गुसाईंले बच्चाको पक्ष लिएर दुई रोटी त्योतिर सारिदियो। तर, आमाको अनुमतिबेगर रोटी स्वीकार गर्ने साहस बच्चामा जुटिरहेको थिएन। उसले लोलुप दृष्टिले कहिले रोटीतिर त कहिले आमातिर हेरिरहेको थियो।

गुसाईंले बारम्बार अनुरोध गर्दा पनि बच्चा रोटी लिनमा संकोच गर्दै थियो, तब लछमा बम्किई- "मर! अब किन लिँदैनस्? जता जाला त्यसै आफ्नो लच्छन देखाउला।"

बच्चाले रुन शुरु गर्नुभन्दा पहिले गुसाईंले रोटीमाथि भेलीको टुक्रा राखेर बच्चाका हातमा दियो। अश्रुपूरित आँखाले यस अनौठो मित्रलाई देखेर बच्चाले चुपचाप रोटी खान थाल्यो। र, गुसाईंले कौतुकपूर्ण दृष्टिले त्यसको हल्लिँदै गरेका ओठलाई हेरिरह्यो।

यस्तो सानो प्रसंगका कारण वातावरणमा तनावजस्तो व्याप्त भयो जसलाई गुसाईं र लछमा दुवैले अनुभव गरिरहेका थिए।

स्वंय पनि एउटा रोटीलाई चियामा डुबाएर खाँदाखाँदै गुसाईंले मानौं यो तनावलाई कम गर्ने प्रयासमा नै मुस्कुराएर भन्यो- "मानिसहरू ठीक भन्छन्, आइमाईका हातले पकाएका रोटीको स्वाद नै बेग्लै हुन्छ।"

लछमाले करुण दृष्टिले त्योतिर हेरी। गुसाईं भने - 'हो-हो' गर्दै खोक्रो हाँसो हाँस्दै थियो।

"अलिकति तिउन भइदिएको भए बिचराले एक-आध रोटी अरू खान्थ्यो होला।" गुसाईंले बच्चातिर हेर्दै आफ्नो विवशता प्रकट गऱ्यो।

"यस्तै खानपानवालाको भाग्यका साथ जन्मिएको भए मेरो भागमा किन पर्थ्यो? दुई दिनदेखि घरमा नून-तेल छैन। आज अलिकति पैसा पाएकी छु, आज केही सौदा लैजानेछ।"

हातले आफ्नो गोजी छाम्दै गुसाईंले संकोचपूर्ण स्वरमा भन्यो- "लछमा!"

लछमाले जिज्ञासावश ऊतिर हेरी। गुसाईंले खल्तीबाट एउटा नोट झिक्दै त्योतिर बढाउँदै भन्यो- "लौ, काम चलाउनका लागि राख। मसँग अझै अरू पनि छन्। अस्ति दफ्तरबाट मनी ओर्डर आएको थियो।"

"अहँ, हुँदैन। काम त चलिरहेकै छ। मेरो भनाइको यस्तो अर्थ थिएन। कुरामा कुरा चल्दा पो मैले त्यसो भनेकी थिएँ।" भनेर लछमाले सहायता लिन इन्कार गरिदिई।

गुसाईंलाई लछमाको यो व्यवहार राम्रो लागेन। उसले खस्रो स्वरमा भन्यो- "दुःख-तकलीफको बेलामा नै मान्छे, मान्छेको काम लागने भने बेकार छ। स्साला! कति कमाएँ, कति गुमाएँ मैले यो जिन्दगीमा। छ कुनै हिसाब? तर, के फाइदा? कसैलाई काम लागेन भने माटो हो, एकदम माटो।"

तर, गुसाईंको यस्तो सुनेर पनि लछमा अडिग रही। छोराको शीर मुसार्दै उसले दार्शनिक गम्भीरताका साथ भनी- "गंगानाथ दाहिने रहे भने राम्रा-नराम्रा दिन कटिहाल्छन् ज्यू! पेटको के कुरा! घट्टको सोलीमा जति हाले पनि कम हुन्छ। आफन्त-परायी प्रेमपूर्वक हाँसी बोलिदिऊन् त्यहीँ काफी छ दिन काट्नका लागि।"

गुसाईंले गौर गरेर लछमातिर हेऱ्यो। वर्षौंपहिले उठेको ज्वार र तूफानको त्यहाँ नामोनिशान थिएन। ती सब सागरका सीमामा बाँधिएर शान्त भइसकेका थिए।

रुपैयाँ लिनका लागि लछमासँग धेरै आग्रह गर्ने साहस उसले जुटाउन सकेन। तर, गहिरो असन्तोषका कारण नुर खसेजस्तो गरी, सुस्त-सुस्त त्यहाँबाट हटिगयो। सहसा त्यसको गति तेज भयो र घट्टभित्र गएर उसले सशंक भई बाहिरतिर हेऱ्यो। लछमा त्यतातिर पिठ्यूँ फर्काएर बसेकी थिई। उसले छिटो-छिटो आफ्नो कमाइको निजी पीठोको बोराबाट दुई-अडाई सेर जति पीठो झिकेर लछमाको पीठोमा मिसाइदियो र सन्तोषको सास फेर्दै हात झार्दै बाहिर आएर बाँधतिर हेर्न थाल्यो। माथि बाँधमा कसैलाई हिँडिरहेको देखेर त्यसले हाँक दियो। शायद, खेतको सिँचाइका लागि त्यो पानी लैजान चाहन्थ्यो।

बाँधतिर जानुभन्दा पहिले त्यो एकपटक लछमानेर गयो। पिसान सिद्धिएको सूचना दिएर फर्कने बेलामा त्यो फेरि टक्क अडियो। मनका कुरा भन्न त्यो हिचकिचाइरहेको थियो। अड्की-अड्कीकन त्यसले भन्यो- "लछमा!"

लछमाले मुण्टो उठाएर ऊतिर हेरी। गुसाईंलाई चुपचाप आफूतिर हेरिरहेको देखेर उसलाई संकोच हुन थाल्यो। त्यो कुन्नि के भन्न चाहन्थ्यो, यस कुराको आशंकाले उसको अनुहारका रङ फिक्का हुन थाल्यो। तर, गुसाईंले झिझकसाथ यति मात्र भन्यो- "कहिले दुई-चार पैसा जुटे भने गंगानाथको पूजा गरेर आफूले गरेको भूलचूकका लागि माफी माग्नू। पूत-परिवारवालालाई देवी-देवताको प्रकोपबाट बचेर रहनुपर्छ।"

लछमाका कुरा सुन्नका लागि ऊ त्यहाँ रोकिएन।

पानी भाँचेर लैजाने किसानसँग कुरा मिलाएर केही बेरपछि फर्कंदा त्यसले देख्यो, सामुन्ने पहाडको गोरेटोमा टाउकोमा आटा बोकेर लछमा आफ्नो छोराका साथ सुस्त-सुस्त गइरहेकी थिई। उसले तिनीहरूलाई पहाडको घुम्तीसम्म पुग्ना पनि अपलक हेरिरहेको थियो।

घट्टभित्र काठको चिडियाले अझै पनि 'किट-किट'को आवाज निकालिरहेको थियो। जाँतोको पाट 'खिस्सर-खिस्सर' गरी घुम्दै थियो र मधानीले पानी काटेको आवाज आइरहेको थियो। अन्यत्र कतै, कुनै स्वर थिएन। सब सुनसान, निस्तब्ध।

# नेपालका प्रजनन् स्वास्थ्य अधिकारका मुद्दा विश्व मञ्चमा

काठमाडौँ। अष्ट्रेलियाको मेलबर्नमा चार दिनसम्म चलेको विश्वव्यापी सम्मेलन 'विमेन डेलिभर २०२६' सम्पन्न भएको छ। अप्रिल २७ देखि ३० सम्म आयोजित उक्त सम्मेलनको अन्तिम दिन नेपाल केन्द्रित विशेषसत्र आयोजना गरिएको थियो, जहाँ नेपालको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकार (एसआरएचआर)को अवस्था, उपलब्धि र चुनौतीबारे छलफल गरिएको महिला, कानुन र विकास मञ्चले जनाएको छ।

नेपालसम्बन्धी उक्त विशेषसत्र मञ्च, ओरेक नेपाल र वन हर्ट वर्ल्ड वाइडको संयुक्त आयोजनामा सम्पन्न भएको थियो। सत्रमा नेपालमा प्रजनन् स्वास्थ्य अधिकारको कानुनी व्यवस्था, कार्यान्वयनको अवस्था, सामाजिक चुनौती र सुधारका सम्भावनाबारे बहुआयामिक दृष्टिकोण प्रस्तुत गरिएको मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले जानकारी दिए। नेपालको संविधानले प्रजनन् स्वास्थ्यलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ लागू भएको कार्यक्रममा उनले जानकारी गराए। नेपालको कानुनले प्रजनन् स्वास्थ्यलाई सूचना, शिक्षा, परामर्श र स्वास्थ्य सेवाको समग्र अधिकारका रूपमा व्याख्या गरेको छ, जसमा गोपनीयता र छनोटको अधिकार पनि समावेश छ।

कानुनी प्रगतिका बाबजुद पनि ऐनले सबै विषय समेट्न नसकेको उनले बताए। ऐन मुख्यतः सुरक्षित मातृत्व, परिवार नियोजन, सुरक्षित गर्भपतन र प्रजनन रोगसम्म सीमित रहेको छ, जसले समग्र प्रजनन् स्वास्थ्यका जटिल पक्षहरूलाई पूर्ण रूपमा समेट्न सकेको छैन। श्रेष्ठले नेपालको कानुनमा देखिएको विरोधाभासतर्फ पनि ध्यानाकर्षण गराए। "एकातिर सुरक्षित गर्भपतनलाई अधिकारका रूपमा मान्यता दिइएको छ भने अर्कातर्फ मुलुकी अपराध संहिताले केही अवस्थामा यसलाई अपराधीकरण गरेको छ।"-उनले भने।

यस जटिलताका कारण नेपालमा अझै पनि ५० प्रतिशतभन्दा बढी गर्भपतन असुरक्षित रूपमा हुने गरेको र कतिपय महिलाहरूले कानुनी झन्झट तथा सजायसमेत भोग्नुपरेको तथ्य उनले प्रस्तुत गरे। यस अवस्थालाई सुधार गर्न सुरक्षित गर्भपतन सेवालाई पूर्ण रूपमा अपराधमुक्त गर्नुपर्नेमा उनको जोड थियो।

कार्यक्रममा सम्मानजनक प्रसूति सेवासम्बन्धी गम्भीर विषय पनि उठाइएको थियो। मञ्चद्वारा हालै सार्वजनिक गरिएको अध्ययन उद्धृत गर्दै श्रेष्ठले नेपालमा गर्भावस्था, सुत्केरी तथा प्रसवोत्तर अवधिमा महिलाहरूले भोग्ने हिंसाका विभिन्न स्वरूपहरू प्रस्तुत गरे। प्रसूति हिंसालाई कानुनमै स्पष्ट रूपमा परिभाषित गरी दोषीलाई उत्तरदायी बनाउने र पीडित महिलालाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने आवश्यकता उनले औँल्याए।

## MRP Declaration for Electric Scooter

सूचना प्रकाशित मितिः २०८३/०१/१९ गते

यस फर्म/कम्पनी/सप्लायर्सले चिनबाट आयात (पैठारी) गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको सर्वसाधारण सम्पूर्णको लागि जानकारीको लागि प्रकाशित गरिएको छ।

| S. N. | Type | Brand | Peak Motor Power | Rated Motor Power | Seat Capacity | Bakery | Unit | MRP | Country of Origin |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Scooter (M3) | Ninebot | 4000W | 2200W | 2 | 72V, 60Ah | 1 | 330000 | China |
| 2 | Electric Scooter (M5) | Ninebot | 5000W | 2700W | 2 | 72V, 60Ah | 1 | 440000 | China |
| 3 | Electric Scooter (N85c) | Ninebot | 2000W | 1200W | 2 | 72V, 33Ah | 1 | 2200000 | China |

Importer/Distributor: White house Supplier
Butwal-9, Rupandehi
9863445221

Exim Code No: 6145266390107 NP

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२




**थारू नृत्य प्रस्तुत गर्दै कलाकारः**
दाङको लमही नगरपालिका-५ स्थित ग्रीनपार्क लमहीमा अजम्मरी सामुदायिक वन र प्रकृतिका साथी संस्थाको आयोजनामा संयुक्त रूपमा शुक्रबारदेखि सुरु भएको १३औँ नेपाल लाटोकोसेरो तथा हुचिल उत्सवको उद्घाटनसत्रमा थारू नृत्य प्रस्तुत गर्दै कलाकार। तस्विर : कुलदीप न्यौपाने / रासस

# ट्राफिक नियम उल्लङ्घन भएमा लाइसेन्स र ब्लुबुक नखोजिने

बुटवल। के तपाईँ ट्राफिक नियम उल्लङ्घनमा परेपछि प्रहरीलाई सवारी चालक अनुमतिपत्र र 'ब्लुबुक' बुझाउँदा हैरानी खेप्नुभएको छ ? ट्राफिक व्यवस्थापनका लागि खटिने प्रहरीको पनि त्यसरी कागजपत्र लिनु रहरको विषय नहुन सक्छ। हालसम्मको अभ्यासमा ट्राफिक कारबाहीमा सवारी चालकको कागजपत्र जाँच गर्ने र जरिवाना गराउने कार्य हुँदै आए पनि अब सवारी चालक र ट्राफिक दुवैलाई यो झन्झट नहुने भएको छ। सर्वोच्च अदालतले ट्राफिक नियम उल्लङ्घन गरेको आधारमा सवारी चालकको अनुमतिपत्र, ब्लुबुक, चाबीलगायत कागजपत्र नियमन्त्रणमा लिनु कानुनविपरीत भएको ठहर गरेपछि ट्राफिक व्यवस्थापन र कारबाहीमा नयाँ अभ्यास देखिने भएको छ।

न्यायाधीशद्वय अब्दुल अजीज मुसलमान र श्रीकान्त पौडेलको संयुक्त इजलासले गत पुस ६ गते गरेको फैसलाको हालै सार्वजनिक भएको पूर्णपाठमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको चालक अनुमतिपत्र, ब्लुबुकलगायत कागजपत्र र चाबी नियन्त्रणमा नलिन फैसला गरेको हो। नेपाल ल क्याम्पसमा अध्ययनरत कानुनका विद्यार्थी विवेक चौधरीले दायर गरेको रिट निवेदनमाथि यो फैसला भएको हो। निवेदक चौधरी विसं २०८१ साउन ४ गते बबरमहलमा ट्राफिक लाइट उल्लङ्घनमा पर्दा प्रहरीले जरिवाना गरी लाइसेन्स नियन्त्रणमा लिएको र २४ घण्टापछि मात्र फिर्ता दिएको समस्या लिएर अदालत गएका थिए । उक्त विषयमा अदालतले सरोकारवाला सबै निकायसँग छलफल गरी निष्कर्षमा पुग्दा ट्राफिक नियम उल्लङ्घन गरेको आधारमा सवारी चालकको अनुमतिपत्र, ब्लुबुक, चाबीलगायतका कागजपत्र नियमन्त्रणमा लिनु कानुनविपरीत भएको ठहर गरेको हो। ट्राफिक प्रहरी कार्यालयले सवारी चालकहरूको सवारी चालक अनुमतिपत्रसमेत नियन्त्रणमा लिने सम्बन्धमा कुनै निर्णय गरेको देखिएन । "सार्वजनिक अधिकारीको स्वेच्छाचारितालाई अदालतले मान्यता दिन हुँदैन, यसमा आवश्यक नियन्त्रण गर्नु जरुरी हुन्छ", फैसलामा भनिएको छ-"जहाँ स्वेच्छाचारिताले प्रश्रय पाउँछ, त्यहाँ कानुनी राज्यको आदेश निमोठिन पुग्छ।" अदालतले ट्राफिक प्रहरीले निवेदक र अन्य व्यक्तिको सवारी चालक अनुमितपत्र, ब्लुबुक, चाबीलगायतका कागजपत्र नियन्त्रणमा लिन कानुनले अनुमति प्रदान नगरेको अवस्थामा नियन्त्रणमा लिने गरेको भन्ने देखिएको हुँदा त्यस्तो स्वेच्छाचारी र कानुनविपरीतको कार्य रोक्न निर्देशनात्मक आदेशसमेत गरेको छ।

फैसलामा भनिएको छ-"सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विपरीत सवारी चालकको अनुमतिपत्र, ब्लुबुकलगायत कागजपत्र र चाबी नियन्त्रणमा लिने कार्य नगर्नु/नगराउनु भनी विपक्षीहरूको नाउँमा निर्देशनात्मक आदेश जारी छ।" अदालतले गृह मन्त्रालय, नेपाल प्रधान कार्यालय र काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका नाममा उक्त निर्देशनात्मक आदेश गरेको हो।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ मा यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्ने व्यवस्था भने गरेको छ। ऐनको (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि पहिलोपटक ट्राफिक नियम उल्लङ्घन गर्नेलाई रु पाँच सय रुपैयाँ, दोस्रोपटक गर्नेलाई रु एक हजार र तेस्रोपटक वा सोभन्दा बढी पटक गर्नेलाई रु एक हजार ५०० जरिवाना यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल गर्न सक्ने व्यवस्था छ।

ट्राफिक प्रहरीले जरिवाना गर्न सक्ने अवस्थाहरूमा ट्राफिक सङ्केत वा इशारा उल्लङ्घन गरी सवारी चलाएमा, सवारी अड्याउन निषेध गरिएको ठाउँ वा समयमा सवारी अड्याएमा, सवारी मोड्न वा ध्वनि सङ्केत दिन निषेध गरिएको ठाउँमा सवारी मोडेमा, सडकमा गलत मार्गतर्फबाट सवारी चलाएमा, एकतर्फी सडकमा सोविपरीत सवारी चलाएको, अवस्था ठिक नभएको सवारी सञ्चालन गरेकालगायत छन्।

त्यस्तै, निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा, राति बत्ती नबाली सवारी चलाएमा, मादक पदार्थ सेवन गरी सवारी चलाएमा, अरूलाई बाधा पुग्नेगरी सार्वजनिक स्थानमा सवारी राखेमा, सवारी चलाउन निषेध गरिएको ठाउँ वा समयमा सवारी चलाएमा, नम्बर प्लेट नराखी सवारी चलाएमा, सवारीको वजनको हद निर्धारण गरिएको ठाउँमा निर्धारित वजनभन्दा बढी भएका सवारी चलाएमा प्रहरीले जरिवाना गर्न सक्नेछ।

साथै, पेटी नबाँधी वा हेल्मेट नलगाई सवारी चलाएमा, सवारीमा बस्ने वा राखे मानिस वा मालसामानको हद निर्धारित गरिएकामा सोहदभन्दा बढी राखी सवारी चलाएमा, सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा, निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा, लापरवाही साथ सवारी चलाएमा, वाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएमा र चालक अनुमतिपत्र साथमा नराखी सवारी चलाएमा जरिवाना गर्ने व्यवस्था छ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ ले ट्राफिक प्रहरीलाई केवल जरिवाना गर्ने अधिकार दिएकामा कानुनले तोकेको भन्दा बढी अधिकार प्रयोग गरी सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिँदा व्यक्तिको आवतजावत गर्ने र आफ्नो पेसा व्यवसाय सञ्चालन गर्ने स्वतन्त्रतामा अनुचित बन्देज लाग्ने अदालतले व्याख्या गरेको छ । फैसलामा भनिएको छ-"विधिको शासनको विपरीत हुन जान्छ, नेपालको संविधानको धारा १८ ले सबै नागरिक कानुनको दृष्टिमा समान हुने र कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने प्रत्याभूति गरेको अवस्थामा कानुनविपरीत प्रहरीले कुनै चालकको सवारी चालक अनुमतिपत्र नियन्त्रणमा लिने कार्यले नेपालको संविधानको धारा १८ अन्तर्गत समान संरक्षणको हकलाई समेत असर पार्दछ।"

अदालतले व्यक्तिको हक अधिकार वा स्वतन्त्रतालाई असर पार्ने जुनसुकै कार्य पनि स्पष्ट कानुनी शक्तिको आधारमा गरिएको हुनुपर्ने र जुन काम प्रत्यक्ष रूपले गर्न पाइँदैन त्यो काम अप्रत्यक्ष रूपले समेत गर्न नमिल्ने भनेको छ। फैसलामा भनिएको छ-"सवारी नियमको उल्लङ्घन गरेमा हुने सजायअन्तर्गत चालक अनुमतिपत्र, ब्लुबुक र गाडीको साँचो कब्जामा लिने कानुनी व्यवस्थाको अभावमा सोकार्य कुनै निकाय वा अधिकारीबाट हुन्छ भने उक्त कार्यले व्यक्तिको मर्यादालाई असर पार्ने हुँदा यस प्रकारका सवारी नियमको उल्लङ्घन भएको अवस्थामा चालक अनुमतिपत्रलगायत कागजात नियन्त्रणमा लिनु न्यायपूर्ण मान्न नमिल्ने हुँदा निवेदकबाट अनुमतिपत्रलगायत कागजात कब्जामा लिने कार्य गैरकानुनी देखिन आयो।

कानुनी व्यवस्थालाई हेर्दा, सवारी नियमको उल्लङ्घन गरेबापत सवारी चालकको सवारी चालक अनुमतिपत्र वा अन्य सवारीसँग सम्बन्धित कागजात नियन्त्रणमा लिने, जफत गर्ने अधिकार ट्राफिक प्रहरीलाई कानुनले दिएको कहीँ पनि नदेखिएको अदालतले व्याख्या गरेको छ।

# हावाहुरीले नालन्दा बुद्ध विहारमा क्षति



कञ्चन। बैशाख १६ गते बुधबार आएको हावाहुरीले रुपन्देहीको कञ्चनमा रहेको नालान्द बुद्ध विहारमा क्षति गराएको छ। प्रस्तावित नालान्द विहारको रुपमा बाँसले निर्माण गरिएको उक्त विहारलाई पूर्णरुपमा ध्वस्त बनाएको हो।

विनाशकारी हावाहुरीको रुपमा एक्कासी आएको हावाले विहारलाई ध्वस्त बनाएपछि विहारको पुनःनिर्माणबारे स्थानीयहरुको चासो र चिन्ता बढेको छ। बौद्ध पाठशालाको रुपमा विकास गरी शान्तिको अग्रदूतको रुपमा विश्व चर्चित गौतमबुद्धको जन्मस्थान लुम्बिनी आएका बौद्धमार्गीहरुका लागि ध्यान गर्ने केन्द्रको रुपमा समेत विकास गर्ने उद्देश्यका साथ निर्माण गर्न लागिएको उक्त विहारको स्थापना २०७६ मा गरिएको थियो।

नालान्द बुद्ध विहार व्यवस्थापन समितिका सचिव भैरबहादुर थापाले आफ्नो सामाजिक सञ्जाल फेसबुकमार्फत् लेखेका छन्-'प्राकृतिक दैवीप्रकोपबाट भएको यो क्षति तथा यसको पुनर्स्थापना के-कसरी गर्न सकिन्छ ? यस विषयमा सरोकारवाला सबैले आआफ्नो ठाउँबाट मनन् गरिदिनुहोला।' हावाका कारण छरपस्ट भएका जस्तापाता, बाँसलगायतका सामानहरु एकत्रित रुपमा संकलन गर्ने कार्यमा सहभागी भई सहयोग जुटाउन उक्त विहारको पुनःनिर्माणका लागि बिहीबार क्षतिग्रस्त विहार परिसरमा स्थानीय आमा समूह, युवा क्लब तथा सरोकारवालासँग छलफल भएको विहार व्यवस्थापन समितिका सचिव थापा मगरले जानकारी दिएका छन्।

सोही छलफल र सल्लाह बमोजिम स्थानीय आमा समूह, युवा क्लब, हरैया, झारगैरा, बागेश्वरी टोल, पिपरीचापाबाट जनश्रमदान गरी हावाहुरीले उडाएका जस्तापात, बाँस तथा अन्य सामग्रीहरु संकलन गरी एकतृत गरिएको छ। उक्त विहारमा नेपालका विभिन्न बौद्ध विहारसहित थाइल्याण्ड, भुटान, श्रीलंका, भारत, चीनलगायत विभिन्न देशका बौद्धधर्मावलम्बी ध्यान तथा पूजापाठका लागि आउने गरेका थिए।

# दाङमा मुटुको 'एन्जियोप्लाष्टि' सेवा सुरु



तुलसीपुर । दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटुको एनजियोप्लाष्टि सेवा सुरु भएको छ । मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. सूर्य देवकोटाको नेतृत्वमा प्रतिष्ठानमा कार्यरत डा. दिनेश उप्रेतीसहितको टोलीले शुक्रबार दुईजना बिरामीको एन्जियोप्लास्टि गरिएको हो।

पहिलो पटक जिल्लामा यो सेवा सुरु भएसँगै हृदयघात (हर्टअट्याक) भएका बिरामीलाई जिल्लामै सहजै उपचार गर्न सकिने डा. देवकोटाले बताए । उनका अनुसार मुटुको रक्तनलीको उपचार दाङमा यसरी पहिलो पटक सुरु हुनु जिल्लाको स्वास्थ्य क्षेत्रका लागि एउटा उपलब्धि हो । यसअघि मुटुको उपचारका लागि जिल्लाबाहिर जानुपर्ने अवस्था रहेको थियो।

योसँगै मुटुसम्बन्धी बिरामीलाई थप उपचारका लागि जिल्लाबाहिर जानुपर्ने बाध्यता हटेको प्रतिष्ठानका निमित्त उपकुलपति एवं रजिष्ट्रार प्रा श्याम लम्सालले बताए । "उक्त उपचारका लागि रु १० करोड बराबरका सामग्री ल्याइएको छ। यसरी सामग्री तयारी गरेपछि पहिलो पटक वरिष्ठ मुटुरोग विशेषज्ञ डा. देवकोटालाई ल्याएर सेवालाई सुरुआत गरिएको हो।"-उनले भने।

प्रतिष्ठानबाट केही दिनअघि एन्जोयोग्राफी सेवा दिइएको थियो। जुन निदानात्मक उपचार थियो भने आज एनियोप्लाष्टी सेवा सुरु गरिएको हो । दाङमै यो सेवा सुरु भएपछि जिल्लाबाहिरका बिरामीलाई पनि सेवा दिन सहज हुने प्रतिष्ठानका निमित्त निर्देशक जनार्दन पन्थीले जानकारी दिए। उनका अनुसार विपन्न नागरिक औषधि उपचार कोषमा सूचीकृतका लागि निवेदन पठाएकाले सूचीकृत हुने बित्तिकै बिरामीलाई प्रतिष्ठानबाटै थप सहजता प्राप्त हुने समेत उनको भनाइ छ। हाल मुटुको उपचारका लागि एक लाखभन्दा बढी खर्च लाग्ने गरेको छ।

**जब हृदयघात भएको थाहा भयो...**

रोल्पा थवाङ गाउँपालिका-५ निवासी ७५ वर्षीया धनजिता विकको मुटु दुख्ने, सास फेर्न गाह्रो हुने, पेट फुल्ने समस्या हुन्थ्यो । त्यसपछि उपचारका लागि परिवारले दाङका निजी अस्पतालहरूमा पुर्‍याए। तर, कुनै रोग पत्ता लागेन। गत शुक्रबार प्रतिष्ठानमा मुटुको परीक्षण गरियो, त्यसपछि पत्ता लाग्यो धनजितालाई हृदयघात भएको थियो । त्यसपछि उनको शुक्रबार एनियोप्लाष्टी गरिएको अस्पताल स्रोतले जनाएको छ।

त्यस्तै, तुलसीपुर उप-महानगरपालिका-९ निवासी ७५ वर्षीय गङ्गाधर कँडेलको पनि मुटुमा समस्या भएपछि हृदयघात भएको थियो। त्यो कुरा प्रतिष्ठानमा मुटु जाँच गराएपछि थाहा भएको परिवारले बताएका छन्। उनीहरू दुवै जनाको एनियोप्लाष्टी गरिएको थियो । योसँगै अब नियमित एनियोप्लाष्टी हुने प्रतिष्ठानका निमित्त उपकुलपति प्रा लम्सालले बताए।

## २५७०औं बुद्ध जयन्तीः
# बुद्धको रथ यात्रासहित विविध कार्यक्रम



पाल्पा । शान्तिका अग्रदूत गौतमबुद्धको २५७०औं बुद्ध जयन्ती शुक्रबार पाल्पाको तानसेनमा विभिन्न धार्मिक कार्यक्रम गरी सम्पन्न भएको छ। बुद्ध जयन्तीको मुख्य दिन तानसेनमा विशेष रथ यात्राको आयोजना गरी नगर परिक्रमा गराइएको छ।

महाचैत्य विहार, टक्सारबाट निकालिएको भगवान बुद्धको भव्य रथ यात्राले तानसेन नगरका विभिन्न भागको परिक्रमा गरेको थियो। रथ यात्राको क्रममा सडकको दुवै किनारमा बसेका भक्तजनहरूले भगवान बुद्धको पूजा-आजा गर्दै विश्व शान्तिको कामना गरेका थिए।। रथ यात्राका सहभागीहरूले बुद्धका उपदेशहरू अंकित झण्डा र ब्यानर प्रदर्शन गर्दै नगरमा शान्तिको सन्देश फैलाएका थिए । धर्मचक्र बौद युवा संघको आयोजनमा १ हजार ५ सय बालबालिकाहरुलाई कल्प वृक्ष दान कार्यक्रम गरेको छ।

२५७०औं बुद्धजयन्तीको अवसरमा गएको बैशाख १४ गतेदेखि साताव्यापी विभिन्न कार्यक्रमहरू भएका छन्। तानसेनमा रहेका आनन्द विहार, धर्मचक्र महाविहार, महाचैत्य विहारलगायतका विभिन्न विहारहरूमा हरेक दिन शील प्रार्थना, बुद्ध पूजा र धर्मदेशनाका कार्यक्रमहरू भएको बुद्ध जयन्ती मूल समारोहका संयोजक मदनलाल बज्राचायले बताए। बैशाख १४ गते आनन्द विहारबाट बुद्ध जयन्तीको अवसरमा शान्ति पदयात्रा निकालिएको थियो।

विद्यार्थीहरूका लागि बुद्ध जीवनी निबन्ध, बुद्ध सामान्य ज्ञान र अन्तर मा.वि. जिल्लास्तरीय बुद्ध चित्रकला प्रतियोगिताहरू भव्य रूपमा सम्पन्न भई विजेताहरूलाई पुरस्कार वितरण गरिएको थियो।

मिसन अस्पताल र निल सागर सेवा आश्रममा फलफूल तथा भोजन दानका कार्यक्रमहरू भएका छन्। बैशाख १७ गते साँझ सिद्धार्थ राजमार्गको चिउरी पहाडदेखि तानसेन बजारसम्म शान्ति दीप यात्रा र दीप प्रज्ज्वलन गरिएको थियो। यस पटकको बुद्ध जयन्तीले धार्मिक सहिष्णुता र शान्तिको सन्देश प्रवाह गर्न सफल भएको स्थानीय आयोजकले बताएका छन् । आज दम्कडास्थित दृष्टिविहीन विद्यार्थीहरूलाई भोजन दान गराउने कार्यक्रमसँगै यस वर्षको बुद्ध जयन्तीका कार्यक्रमहरू पूर्ण हुने आयोजकले जनाएको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com